# गण्डकी प्रदेश सभा सचिवालय

## पोखरा, नेपाल


**पत्र संख्याः ०८२/८३**

**चलानी नं.:**

**मितिः २०८२/१२/०१**

## "भावपूर्ण श्रद्धाञ्जली"

गण्डकी प्रदेश सभाका पूर्व प्रदेश सभा सदस्य, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का केन्द्रीय सदस्य तथा कास्की जिल्ला इन्चार्ज **श्री कृष्ण बहादुर थापा**को मिति २०८२ साल फागुन २८ गते बिहिबारका दिन हृदयघातका कारण भएको असामयिक निधनप्रति गण्डकी प्रदेश सभा सचिवालय गहिरो दुःख व्यक्त गर्दछ ।

वि.सं. २०५४ सालदेखि २०५९ सालसम्म तत्कालीन पोखरा उपमहानगरपालिकाको नगरप्रमुखका रूपमा कार्यभार सम्हाल्नुभएका स्वर्गीय थापा वि.सं. २०७४ सालमा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ (१) बाट प्रदेश सभा सदस्य पदमा निर्वाचित हुनुभएको थियो । उहाँ इमान्दार, कर्तव्यनिष्ठ तथा जनताप्रति समर्पित जनप्रतिनिधिका रूपमा परिचित हुनुहुन्थ्यो । उहाँले प्रदेशको विकास, समृद्धि तथा लोकतान्त्रिक अभ्यासको सुदृढीकरणका लागि पुऱ्याउनुभएको योगदान सदैव स्मरणीय रहनेछ ।

यस दुःखद घडीमा स्वर्गीय कृष्ण बहादुर थापाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना तथा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

(गोविन्द पौडेल)
प्रदेश सभा सचिव तथा गण्डकी प्रदेश सभा सचिवालय
पोखरा, नेपाल


फोन नं. ०६१-५७०८००, ५७६३२४, ईमेल: gandakiprovince@gmail.com वेभसाइट :- pradeshsabha.gandaki.gov.np